छ्याङ्दी हाइड्रोपावर प्रा.लि.लाई पब्लिक कम्पनीमा परिणत भएको प्रबन्ध पत्र

(दफा १८ को उपदफा (६) संग सम्बन्धित)
कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

# छ्याङ्दी हाइड्रोपावर लिमिटेड
# को
# प्रवन्ध-पत्र

१. **कम्पनीको नाम** : यस कम्पनीको नाम **"छ्याङ्दी हाइड्रोपावर लिमिटेड"** हुनेछ । अंग्रेजिमा **Chhyangdi Hydropower Limited भनिनेछ ।**

२. (१) **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना** : यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालीका वडा नं. २, मा रहनेछ । कार्यालयको स्वीकृति लिई कम्पनीले आवश्यकता अनुसार रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न र शाखा कार्यालयहरु खोल्न सक्नेछ ।
(२) यस कम्पनीको कारोवार गर्ने स्थान लमजुङ्ग जिल्लामा रहने छ आवश्यकता अनुसार अन्य स्थानमा समेत खोल्न सकिनेछ ।

३. **कम्पनीले गर्ने व्यवसाय वा कारोवारको प्रकृति** : यस कम्पनीको कारोवार उत्पादन तथा व्यापार मुलक हुनेछ ।

४. **कम्पनीको उद्देश्य** : (१) यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :
- क) विद्युत विकासको लागि विद्युत उत्पादन, प्रशारण तथा वातावरणको सम्भाव्यता अध्ययन, विस्तृत ईन्जिनियरिङ्ग डिजाईन, अन्वेषण तथा सर्वेक्षणको कार्य गर्ने, गराउने ।
- ख) उपयुक्त साना तथा मझौला आयोजनाहरुको संचालन गरि विद्युत उत्पादन गर्ने ।
- ग) उत्पादित विद्युत शक्तिको बिकी वितरण गर्ने ।
- घ) उत्पादित विद्युत तथा अन्य उर्जा शक्ति वितरण गर्न आवश्यक प्रशारण तथा वितरण लाईन निर्माण गर्ने, संचालन गर्ने ।
- ङ) विद्युत आयात तथा निर्यात गर्ने तथा आवश्यकता अनुसार लिजमा लिने दिने ।
- च) नेपाल राज्यमा विद्युत उत्पादनका लागि आवश्यक पुर्वाधारको विकास गरी विविध क्षमताका विद्युत उत्पादन गर्ने ।
- छ) नेपालमा विद्युत उत्पादन गर्नको लागि सम्बन्धित क्षेत्रमा लगानी गर्ने ।
- ज) विदेशी उपकरण तथा प्राविधिक जनशक्ति समेतको व्यवस्था गर्ने ।

झ) नेपाल विद्युत प्राधिकरण तथा अन्य निजी क्षेत्रका जलविद्युत आयोजनाहरुबाट उत्पादित विद्युत लिजमा भाडामा लिई वा खरिद गरि विद्युत सेवा संचालन गर्ने र समुदायिक रुपमा विद्युत वितरणको कार्य गर्ने ।

ञ) नेपालका नदी, नाला, छहराहरुको अध्ययन, अनुसन्धान गर्ने विस्तृत सर्वेक्षण गर्ने ।

ट) समान उद्देश्य भएका अन्य कम्पनी तथा फर्महरु सँग सम्पर्क गरि कार्य गर्ने ।

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य प्रचलित कानून बमोजिम सम्वन्धीत निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त गरी मात्र कार्यान्वयन गरिनेछ ।

(३) उपदफा (१) मा उल्लेखित उद्देश्यको सम्वन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ ।

५. **कम्पनीको उद्देश्य प्राप्त गर्न गरीने कामहरु** : यस दफा ४ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्नेछ

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरीद गर्ने वा भाडामा लिई प्रयोग गर्ने ।

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाको शर्तहरु निर्धारण गर्ने ।

(ग) कम्पनीको नाममा बैंक तथा वित्तिय संस्थामा खाता खोल्ने र संचालन गर्ने ।

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तिय संस्थावाट कम्पनीले धितो राखी वा नराखी कर्जा लिने ।

(ङ) कम्पनीको नामबाट शेयर तथा डिवेन्चर खरिद गर्ने तथा त्यसलाई बिक्री गर्ने ।

(च) अन्य आवश्यक कुराहरु :

(१) कम्पनीको आफ्नो लक्ष्य र उद्देश्य प्राप्त गर्नका लागि सर्वसाधारणलाई कम्पनीको उद्देश्यको बारेमा बढि जानकारी गराउन सञ्चारका साधन तथा पत्रपत्रिका मार्फत विज्ञापन तथा सूचना आदि प्रकाशन तथा प्रशारण गर्ने ।

(२) कम्पनीको सम्पत्ति हानी नोक्सानीबाट बचाउन सबै सम्पत्ति तथा उत्पन्न हुन आउने कानूनी दायित्वको बीमा गराउने ।

(३) कम्पनीको उद्देश्य पुर्तिका लागि आवश्यक पर्ने करार एवं सम्झौताहरु गर्ने, गराउने ।

(४) प्रचलित कानुनको अधिनमा रहि कम्पनीका लागि आवश्यक पर्ने कामदार एवं कर्मचारीहरुको सेवाका शर्तहरु निर्धारण गर्ने र लागु गर्न गराउन र यसको लागि आवश्यक पर्ने विनियमहरु बनाउने ।

(५) कम्पनीको हितलाई ध्यानमा राखी जगेडा कोष, डिप्रिसिएसन कोष तथा इमर्जेन्सी कोष, आदी खडा गर्ने, गराउने ।

(६) नेपाल सरकारबाट प्राप्त हुने सुविधा तथा सहुलियत प्राप्त गर्ने एवं अन्तर्राष्ट्रिय सहयोग प्राप्त हुने भएमा सम्बन्धित निकायको पूर्व स्वीकृती लिई सहयोग प्राप्त गर्ने ।

(७) बैंक वा वित्तिय संस्थामा कम्पनीको नाममा खाता खोल्ने, चेक, बिल अफ एक्सचेन्ज, प्रमोसरीनोट, ड्राफ्ट, हुण्डी तथा अन्य लिखित काट्ने, बनाउने, स्वीकार गर्ने, दरपिठ गर्ने, भुक्तानी गर्ने तथा जारी गर्ने ।

(८) कम्पनीले आफ्नो उद्देश्य पुरा गर्नका लागि सम्बन्धित निकायको स्वीकृती लिई स्वदेशी तथा विदेशी संघ, संस्था, निकाय, कम्पनीसँग संयुक्त वा एकल रुपमा काम गर्ने, गराउने ।

(९) कम्पनीको लागि आवश्यक पर्ने सामाग्रीहरु प्रचलित कानुनको अधिनमा रहि आयात गर्ने, गराउने ।

(१०) संस्थापक वा अन्य कुनै व्यक्तिले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने व्यवस्था गरिएको छैन ।

(११) विभिन्न कम्पनी तथा संस्थाको शेयरमा लगानी गर्ने साथै आफ्नो कम्पनीको शेयरमा प्रबन्ध पत्र तथा नियमावली र कम्पनी ऐन तथा अन्य प्रचलित कानुनको रित पुऱ्याईव्यक्ति तथा कम्पनीलाई सहभागी गराउने ।

(१२) कम्पनीको कार्य क्षेत्र बिस्तार हुँदै जाँदा सम्बन्धित निकायको स्वीकृती लिई कम्पनीमा विदेशी व्यक्ति तथा संस्थालाईकम्पनीको शेयर बिक्रि गर्ने, गराउने ।

(१३) कम्पनीको प्रयोजनको लागि स्वीकृती लिई स्वदेश तथा विदेशमा शाखा कार्यालय खोल्ने, सन्चालन गर्ने ।

(१४) कम्पनीको हितलाई ध्यानमा राखी कम्पनीसँग बढी भएको रकम कुनै क्षेत्रमा लगानी गर्ने, गराउने ।

(१५) कम्पनीले उचित देखेमा सार्वजनिक हितको काममा चन्दा दिने वा सहयोग पुऱ्याउने ।

(१६) कम्पनीको उद्देश्यहरु पुरा गर्न सहायक हुने अन्यकार्यहरु गर्ने, गराउने ।

(१७) कम्पनीलाई व्यवस्थीत रुपमा संचालन गर्न आवश्यक पर्ने विनियमहरु बनाउने र लागु गर्ने ।

६. <u>कम्पनीको पूँजीको संरचना</u> : कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :

(क) कम्पनीको अधिकृत पूंजी रु. १५,००,००,०००।- (अक्षेरुपी पन्ध्र करोड मात्र) हुनेछ। सो पूंजीलाई प्रति शेयर रु. १००/- दरका १५००००००(पन्ध्र लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ।

(ख) कम्पनीको तत्काल जारी गर्ने पूंजी रु. १३,००,००,०००।- (अक्षेरुपी तेह्र करोड मात्र) हुनेछ। सो पूंजीलाई प्रति शेयर रु. १००/- दरका १३००००००(तेह्र लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ।

(ग) कम्पनीले जारी पूंजीको ३३%(तेत्तिस प्रतिशत) साधारण शेयर सर्वसाधारणको लागि छुट्याएको छ। जस मध्ये २०%(बिस प्रतिशत) सर्वसाधारणलाई, १०%(दश प्रतिशत) आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई र ३%(तिन प्रतिशत) कम्पनीका सल्लाहकारहरु, व्यवस्थापकहरु, कर्मचारीहरु एवं कामदारहरुलाई बिक्रि वितरण गरिनेछ।

तर उपदफा (ग) बमोजिम आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु, कम्पनीका कर्मचारीहरु लगायतलाई छुट्याइएको सम्पुर्ण शेयर बिक्रि नभई बाँकी हुन आएमा उक्त: बाँकी हुन आएजती शेयरपनि सर्वसाधारणलाई बिक्रि गरिनेछ।

(घ) संस्थापक शेयरधनिहरुलाई समुह "क" मा बर्गिकरण गरिएको छ र यो समुहको शेयर स्वामित्व ६७%(सतसठ्ठी प्रतिशत) हुनेछ।

(ङ) सर्वसाधारण, आयोजना प्रभावित क्षेत्रका बासिन्दा र कम्पनीका कर्मचारीहरु लगायतलाई बिक्रि गरिने गरि छुट्याइएको शेयर खरिद गर्ने शेयरधनिहरुलाई समुह "ख"मा वर्गिकरण गरिएको छ र यो समुहको शेयर स्वामित्व ३३%(तेत्तिस प्रतिशत) हुनेछ र यो समुहको शेयरलाई संचालक समितिको निर्णय बमोजिम बिक्रि वितरण गर्न सकिनेछ।

७. **कम्पनीको शेयरको किसिम** : कम्पनीको शेयरको किसिम देहाय बमोजिम हुनेछ :

(क) यस कम्पनीले हाल साधारण शेयर मात्र जारी गरेको छ।

(ख) प्रचलित कानून बमोजिम कम्पनीको निर्णय अनुसार अन्य कुनै प्रकारको शेयर जारी गर्न सकिनेछ।

८. **शेयर खरीद वा हस्तान्तरण गर्न कुनै बन्देज रहेको भए सो कुरा : शेयर खरिद वा हस्तान्तरण सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-**

(क) शेयर बापत कम्पनीले माग गरेको रकम चुक्ता नभए सम्म शेयर बिक्रि वा हस्तान्तरण गर्न पाइने छैन।

(ख) शेयर खरिद तथा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था कम्पनी ऐन, धितोपत्र कारोवार सम्बन्धी कानुन तथा अन्य प्रचलित कानुनमा उल्लेख भए बमोजिम हुनेछ।

(ग) जुन समुहको शेयर खरिद गरेको हो सो खरिद गर्ने व्यक्तिलाई सोही समुहमा राखिनेछ।

९ **शेयर वापतको रकम भुक्तानी** :

(क) कम्पनीले आफ्नो आवश्यकतानुसार सञ्चालक समितिको बैठकबाट निर्णय गरी शेयर वापतको रकम आंशिक वा पूर्ण रुपले भुक्तानी माग गर्न सक्नेछ ।

(ख) शेयर वापत कम्पनीले माग गरेका रकमहरु निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ ।

(ग) शेयर वापतको रकम माग गर्ने, माग गरेको रकम निर्धारित समयावधिभित्र बुझाउने, भुक्तानीको म्याद थप माग गर्ने तथा कम्पनीले म्याद दिने जस्ता कुराहरुको व्यवस्था नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

१०. **दायित्व सीमित हुने** : यस कम्पनीको कारोवारको सम्वन्धमा शेयरधनीहरुको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कवुल गरेको शेयरको अंकित मुल्यसम्म मात्र सीमित रहनेछ ।

तर कुनै शेयरधनी वा संचालकले सो हैसियतमा तेश्रो पक्षसंग गरेको व्यक्तिगत जमानत सम्वन्धीत संझौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागू हुनेछैन ।

११. **अन्य आवश्यक कुराहरु** :

(क) कम्पनी स्थापना गर्दा लागेको खर्च कम्पनीले नै व्यहोर्नेछ ।

(ख) यस कम्पनीलाई शेयर वापतको रकम बुझाउनु पर्ने संस्थापक शेयरधनि वा अन्य कुनै शेयरधनिहरुले आफ्नो चल अचल सम्पत्ती कम्पनीलाई शेयरको रुपमा हस्तान्तरण गर्न चाहेमा कम्पनीको संचालक समितिको पुर्व स्वीकृती लिई कम्पनीले शेयर वापतको रकमको रुपमा स्वीकार गर्न सक्नेछ ।

(ग) कम्पनीको काम शुरु गर्दाको अवस्थामा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कम्पनीले कुनै किसिमसँग कुनै सम्पत्ति प्राप्त गर्ने कुराको हकमा संचालक समितिको निर्णय बमोजिम हुनेछ ।

(घ) संस्थापक वा अन्य कुनै ब्यक्तिले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने कुराको हकमा संचालक समितिको अनुमति लिनु पर्नेछ ।

(ङ) प्रचलित ऐनको अधिनमा रहि अन्य कुराहरु साधारण सभाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(च) कम्पनीको एउटा छुट्टै छाप हुनेछ र कम्पनीको तर्फबाट तयार पारिने कुनैपनि कागजमा सोही छापले प्रमाणित गरि राखिने छ ।

(छ) कुनै व्यक्तिले कम्पनीलाई सम्पत्ति उपलब्ध गराएमा सोको मुल्य बराबरको शेयर दिन सकिनेछ अर्थात् नगद बाहेक पनि कम्पनीको शेयर प्राप्त गर्न सकिनेछ ।

(ज) प्रचलित कानुनको अधिनमा रहि कम्पनीको साधारण सभामा विशेष प्रस्ताव पारित गरी कार्यालयको स्वीकृती लिई कम्पनीको पुँजी हेरफेर गर्न सकिनेछ ।

(झ) नेपाल सरकार उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०६४।०५।१६ मा प्रा.लि. नं. ४७८३२/०६४/०६५ मार्फत् दर्ता भएको छ्याङ्दी हाइड्रोपावर प्रा.लि. को मिति २०७१।०३।२३ को विशेष साधारण सभामा उक्त प्रा.लि.लाई छ्याङ्दी हाइड्रोपावर लिमिटेडमा परिणत गर्ने भनि पेश भएको विशेष प्रस्ताव सर्व सम्मतीले पारित भएको हुँदा यस छ्याङ्दी हाइड्रोपावर प्रा.लि.ले तिर्नु व्यहोर्नु पर्ने सम्पुर्ण दायित्व एवं सम्पत्तिहरु यसै छ्याङ्दी हाइड्रोपावर लिमिटेडले तिर्ने व्यहोर्न मन्जुर गर्दछ ।

१२. <u>कम्पनीको प्रकृति अनुसार कुनै थप व्यवस्था गर्ने भए सो कुरा खुलाउने</u> : कम्पनी ऐन, यस कम्पनीको प्रबन्ध पत्रमा उल्लेख गरेको उद्देश्य अनुसारको कार्य गर्न, गराउनका लागि आवश्यक सम्पुर्ण कार्यहरु गर्ने, गराउने ।

१३. <u>प्रवन्ध प्रत्रमा संसोधन भएमा लागू हुने अवस्था</u> : यस प्रवन्ध पत्रमा कुनै संसोधन गर्नु पर्ने भएमा साधारण सभावाट विशेष प्रस्ताव पारित गरी सो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र प्रवन्ध पत्र संसोधन भएको मानिनेछ ।

१४. <u>प्रवन्ध पत्र बाझिएको हदसम्म अमान्य हुने</u> : यस प्रवन्ध पत्रमा लेखिएका कुरा कम्पनी ऐन, २०६३ वा अन्य प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म स्वत: बदर हुनेछ ।

१५. <u>संस्थापकहरुले तत्काल लिन कवूल गरेको शेयर संख्या र उदघोषण</u> : हामी "छ्याङ्दी हाइड्रोपावर लिमिटेड"का संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम संचालन गर्न मन्जुर गरेका छौं । यो प्रवन्ध पत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षार, हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्वन्धी व्योहोरा ठीक साँचो हो । कुनै कारणले झुठ्ठा ठहरिन गएमा कम्पनी दर्ता पश्चात सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो प्रवन्ध पत्रमा लेखिएका कुरा साँचो हो, झुठ्ठा ठहरे कानून बमोजिम सहन बुझाउन मन्जुर छौं भनी सहीछाप गरेका छौं ।

| संस्थापकको नाम, ठेगाना र सहिछाप | बाबु/पतिको नाम | नागरिकता नं. र प्र. प्राप्त गरेको जिल्ला | लिन कवुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहीछाप | साक्षीको ना. प्र. नं. र जिल्ला |
|---|---|---|---|---|---|
| दस्तखत<br>१. अमरनाथ श्रेष्ठ<br>ठेगाना : बुधबारे ९, झापा<br>दा. बा | डिल्ली नारायण श्रेष्ठ | ४०४११५८७७<br>झापा | ३६८१८ थान | दस्तखत<br>१.<br>ठेगाना :<br>दा. बा | |
| दस्तखत<br>२. लाल बहादुर थापा<br>ठेगाना : हवाकु ८, तेह्रथुम<br>दा. बा | बल बहादुर थापा | ३५३<br>तेह्रथुम | ३९९६९ थान | दस्तखत<br>२.<br>ठेगाना :<br>दा. बा | |

| | | | | | |
|---|---|---|---|---|---|
| दस्तखत<br>३. उदय कुमार पिया<br>ठेगाना : नारायणघाट १, चितवन<br>दा. वा | विभु नारायण पिया | ६८१२<br>चितवन | ६०८००<br>थान | दस्तखत<br>३.<br>ठेगाना :<br>दा. वा | |
| दस्तखत<br>४. रजनी राजवाहक<br>ठेगाना : का.जि., का.म.न.पा. ३१<br>दा. वा | पूर्ण बहादुर राजवाहक | १५३१<br>काठमाडौं | ६२५०<br>थान | दस्तखत<br>४.<br>ठेगाना :<br>दा. वा | |
| दस्तखत<br>५. रुपमती श्रेष्ठ<br>ठेगाना : रत्ननगर ९, चितवन<br>दा. वा | तिर्थराज श्रेष्ठ | ३८०३<br>चितवन | ६२५०<br>थान | दस्तखत<br>५.<br>ठेगाना :<br>दा. वा | |
| दस्तखत<br>६. रामेश्वर थापा<br>ठेगाना : कुसादेवी ४, काभ्रेपलान्चोक<br>दा. वा | बल बहादुर थापा | ५१५५५<br>काभ्रे | ८६०००<br>थान | दस्तखत<br>६.<br>ठेगाना :<br>दा. वा | |
| दस्तखत<br>७. राजेन्द्र बहादुर सिंह<br>ठेगाना : थालीगडा ३, बैतडी<br>दा. वा | डा. उदय सिंह | ६५१/०४३<br>ललितपुर | २५५००<br>थान | दस्तखत<br>७.<br>ठेगाना :<br>दा. वा | |
| दस्तखत<br>८. अरुणा तातेड<br>ठेगाना : राजविराज ४, सप्तरी<br>दा. वा | पति : प्रताप सिंह तातेड | १०७/०३८<br>सप्तरी | ४०००<br>थान | दस्तखत<br>८.<br>ठेगाना :<br>दा. वा | |

| | | | | | |
|---|---|---|---|---|---|
| द तखत Shova Aryal<br>९. शोभा अराल<br>ठेगाना : पोखरा ७, कास्की<br>दा. वा | टेकनाथ अराल | २३३३<br>काठमाडौं | ५००० थान | दस्तखत<br>९.<br>ठेगाना :<br>दा. | |
| दस्तखत<br>१०. शरद कुमार पौडेल<br>ठेगाना : चैनपुर ८, संखुवासभा<br>दा. वा | रण कुमार पौडेल | १०७५/११९३८<br>संखुवासभा | १२५० थान | दस्तखत<br>१०.<br>ठेगाना :<br>दा. वा | |
| दस्तखत<br>११. मिरा आचार्य<br>ठेगाना : धरान ९, सुनसरी<br>दा. वा | शंकर प्रसाद आचार्य | ११९६१/०५५/५६<br>सुनसरी | ३००० थान | दस्तखत<br>११.<br>ठेगाना :<br>दा. वा | |
| दस्तखत<br>१२. सन्जिव कुमार थापा क्षेत्री<br>ठेगाना : महेशपुर ३, झापा<br>दा. वा | वीर बहादुर थापा | ५७७१,६६८<br>झापा | १००० थान | दस्तखत<br>१२.<br>ठेगाना :<br>दा. वा | |
| दस्तखत<br>१३. अशोक बुढाथोकी<br>ठेगाना : गरामुनी ७, झापा<br>दा. वा | प्रेम बहादुर बुढाथोकी | ३५७४३३२९<br>झापा | २३००० थान | दस्तखत<br>१३.<br>ठेगाना :<br>दा. वा | |
| दस्तखत<br>१४. शसि प्रसाद तिमल्सिना<br>ठेगाना : धुलिखेल ७, काभ्रे<br>दा. वा | विष्णु प्रसाद तिमल्सिना | ६५०८८/१५५५<br>काभ्रे | २००० थान | दस्तखत<br>१४.<br>ठेगाना :<br>दा. वा | |

| | | | | | |
|---|---|---|---|---|---|
| दस्तखत<br>Sunil Thapa<br>१५. सुनिल थापा<br>ठेगाना : का.म.न.पा. ६, काठमाडौं<br>दा. वा | अमिर थापा | ४५५/३१७९ काठमाडौं | २००० थान | दस्तखत<br>१५.<br>ठेगाना :<br>दा. वा | |

इति सम्वत २०७१ साल महिना गते रोज मा शुभम् ...................................................... ।

२०७१/३/२०

सहायक रजिस्ट्रार

नेपाल सरकार
उद्योग मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
( ............................... शाखा)
त्रिपुरेश्वर काठमाडौं, नेपाल ।

पत्र संख्या :- ७२/७३
चलानी नम्बर :- २०१३१

मिति : २०७२-११-२३

विषय :- पूँजी वृद्धि सहितको प्रबन्धपत्र/नियमावलीमा भएको संशोधन अभिलेख सम्बन्धमा।

छ्याङ्दी हाइड्रोपावर (लि. नं. १२४२७२)
का.म.न.पा.-२,काठमाण्डौं,बाग्मती

त्यस कम्पनीको मिति २०७२।०९।१५ गतेको बार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको अधिकृत तथा जारी पूँजीलाई निम्न बमोजिम वृद्धि गर्न स्विकृती प्रदान गरिएको छ। साथै प्रबन्धपत्रको दफा ६(क)(ख)(ग)(घ)(ङ) तथा नियमावलीको नियम १० मा भएको संशोधनलाई अभिलेख गरी १/१ प्रति यसै साथ संलग्न गरी पठाइएको व्यहोरा मिति २०७२।११।२३ को निर्णयानुसार जानकारी गराइन्छ।

| बिवरण | साविक | हाल बृद्धि गरिएको |
|---|---|---|
| अधिकृत पूँजी रु | १५,००,००,०००। | ५०,००,००,०००। |
| जारी पूँजी रु | १३,००,००,०००। | २७,००,००,०००। |

(खेम राज खत्री)
सहायक रजिष्ट्रार

सहायक रजिष्ट्रार

**बोधार्थ**
श्री आन्तरीक राजश्व कार्यालय काठमाडौ
श्री उद्योग विभाग काठमाडौ
श्री विद्युत बिकास विभाग काठमाडौं ।

फोन: ४२५९९४८ (रजिष्ट्रार), ४२६३०८९, ४२६७२५६, ४२१५०७७, ४२६१८२१, ४२५९९६१ (फ्याक्स)
E-mail: info@orc.gov.np, URL/Website : www.ocr.gov.np

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

कम्पनी रजिष्ट्रारको कार्यालय

( ............................ शाखा)

त्रिपुरेश्वर, काठमाडौं, नेपाल ।

पत्र संख्या :- ७६/७७

चलानी नम्बर :- ४५७३६

मिति : २०७७-०३-२९

विषय :- **पूँजी वृद्धि सहितको प्रबन्धपत्र/नियमावलीमा भएको संशोधन र अध्यावधिक सम्बन्धमा ।**

**छयाङ्दी हाइड्रोपावर (लि. नं. १२४२७२)**

का.म.न.पा.-२,काठमाण्डौ,बाग्मती

त्यस कम्पनीको मिति २०७६।१०।१३ गतेको बार्षिक/बिशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको अधिकृत तथा जारी पूँजीलाई निम्न बमोजिम वृद्धि गर्न स्विकृती प्रदान गरिएको छ । साथै प्रबन्धपत्रको दफा ६ को खण्ड (ख) र (ग) मा भएको संशोधनलाई अभिलेख गरी १/१ प्रति यसै साथ संलग्न गरी पठाइएको व्यहोरा साथै त्यस कम्पनीले यस कार्यालयलाई बुझाउनु पर्ने आ.व. ०७५/७६ सम्मका विवरणहरु उपलब्ध गराएकोले सो आ.व. सम्म कम्पनी अध्यावधिक रहेको व्यहोरासमेत मिति २०७६।१२।०५ को निर्णयानुसार जानकारी गराइन्छ।

| बिवरण | साविक | हाल कायम गरिएको |
|---|---|---|
| जारी पूँजी रु | २७,००,००,०००।- | २८,३५,००,०००।- |
| चुक्ता पूँजी रु | २७,००,००,०००।- | २८,३५,००,०००।- |

(लोक बहादुर कार्की)

सहायक रजिष्ट्रार

__बोधार्थ__

श्री आन्तरिक राजश्व कार्यालय, काठमाडौं ।

श्री नेपाल धितोपत्र बोर्ड, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेन्ज लि., काठमाडौं ।

श्री विद्युत विकास विभाग, काठमाडौं ।

फोन: ४२५९९४८ (रजिष्ट्रार), ४२६३०८९, ४२६७२५६, ४२१५०७७, ४२६१८२१, ४२५९९६१ (फ्याक्स)

E-mail: info@ocr.gov.np, URL/Website : www.ocr.gov.np

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
( ............................ शाखा)
त्रिपुरेश्वर काठमाडौं, नेपाल ।

पत्र संख्या :- ७७/७८
चलानी नम्बर :- ४८२७१

मिति : २०७७-१२-०५

विषय :- **पूँजी वृद्धि सहित प्रबन्धपत्रमा भएको संशोधन र कम्पनी अध्यावधिक, निर्देशन सम्बन्धमा।**

**छयाङ्दी हाइड्रोपावर (लि. नं. १२४२७२)**
का.म.न.पा.-२,काठमाण्डौ,बाग्मती

त्यस कम्पनीले यस कार्यालयलाई बुझाउनु पर्ने आ.व. ०७६/७७ सम्मका विवरणहरु उपलव्ध गराएकोले सो आ.व. सम्म कम्पनी अध्यावधिक रहेको, त्यस कम्पनीको मिति २०७७।०९।२७ गतेको विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको जारी तथा चुक्ता पूँजीलाई निम्न बमोजिम कायम गर्न स्विकृती प्रदान गरिएको छ। साथै प्रबन्धपत्रको दफा ६ (ख) मा भएको संशोधनलाई अभिलेख गरी तथा कम्पनीको प्रबन्धपत्रको ढाँचा वमोजिम जारी तथा चुक्ता पुजि अलग अलगत गरी सो संसोधन पेश हुन निर्देशन सहित सोको १/१ प्रति यसै साथ संलग्न गरी पठाइएको व्यहोरा मिति २०७७।१२।०४ को निर्णयानुसार जानकारी गराइन्छ।

| बिवरण | साविक | हाल कायम गरिएको |
|---|---|---|
| जारी पूँजी रु | २८,३५,००,०००।- | २९,७६,७५,०००।- |
| चुक्ता पुँजी रु | २८,३५,००,०००।- | २९,७६,७५,०००।- |

(दिवाकर शर्मा)
सहायक रजिष्ट्रार

**बोधार्थ**
श्री आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ।
श्री विद्युत विकास विभाग, काठमाण्डौ ।

फोन: ४२५९९४८ (रजिष्ट्रार), ४२६३०८९, ४२६७२५६, ४२१५०७७, ४२६१८२१, ४२५९९६१ (फ्याक्स)
E-mail: info@ocr.gov.np, URL/Website : www.ocr.gov.np

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
( ........................... शाखा)
त्रिपुरेश्वर काठमाडौं, नेपाल ।

पत्र संख्या :- ७७/७८
चलानी नम्बर :- ५७७४७

मिति : २०७८-०१-१२

विषय :- **पूँजी संरचना परिवर्तन सहित प्रबन्धपत्रमा भएको संशोधन अभिलेख सम्बन्धमा।**

**छ्याङ्दी हाइड्रोपावर (लि. नं. १२४२७२)**
का.म.न.पा.-२,काठमाण्डौं,बाग्मती

त्यस कम्पनीको मिति २०७७।०९।२७ गतेको बिशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको पूँजी संरचना निम्न बमोजिम कायम गर्न स्विकृती प्रदान गरिएको छ । साथै प्रबन्धपत्रको दफा ६(ख) मा भएको संशोधनलाई अभिलेख गरी १/१ प्रति यसै साथ संलग्न गरी पठाइएको व्यहोरा मिति २०७८।०१।१२ को निर्णयानुसार जानकारी गराइन्छ।

| बिवरण | हाल कायम गरिएको |
|---|---|
| जारी पूँजी रु. | ३८,६९,७७,५००।- |

(दिवाकर शर्मा)
सहायक रजिष्ट्रार

**बोधार्थ**

श्री धितोपत्र वोर्ड नेपाल
श्री विद्युत नियमन आयोग
श्री उद्योग विभाग
श्री आन्तरिक राजश्व कार्यालय, काठमाडौं।

फोन: ४२५९९४८ (रजिष्ट्रार), ४२६३०८९, ४२६७२५६, ४२१५०७७, ४२६१८२१, ४२५९९६१ (फ्याक्स)
E-mail: info@ocr.gov.np, URL/Website : www.ocr.gov.np

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
(.............................. शाखा)
त्रिपुरेश्वर,काठमाडौं, नेपाल ।

पत्र संख्या :- ७९/८०
चलानी नम्बर :- ८४६३८

मिति : २०८०-०२-०९

विषय :- **कम्पनी अध्यावधिक, संचालक लगत , पूँजी वृद्धि सहितको प्रबन्धपत्रमा भएको संशोधन अभिलेख सम्बन्धमा ।**

**छ्याङ्दी हाइड्रोपावर (लि. नं. १२४२७२)**
का.म.न.पा.-२,काठमाण्डौं,बाग्मती

त्यस कम्पनीले यस कार्यालयलाई बुझाउनु पर्ने आ.व. ०७८/७९ सम्मका वार्षिक विवरणहरु उपलब्ध गराएकोले सो आ.व. सम्म कम्पनी अध्यावधिक रहेको तथा त्यस कम्पनीको मिति २०८०/०१/२८ गतेको वार्षिक साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको अधिकृत, जारी तथा चुक्ता पूँजीलाई निम्न बमोजिम कायम गर्न स्विकृती प्रदान गरिएको छ । साथै प्रबन्धपत्रको दफा ६ को (क), (ख) र (ग) मा संसोधन तथा कम्पनीको मिति २०८०/०१/२८ को वार्षिक साधारण सभाको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा १०७ बमोजिम तयार सञ्चालक दर्ता किताब यस कार्यालयमा प्राप्त भएकोले सो बमोजिम भए गरेका काम कारबाहीको उत्तरदायित्व र जिम्मेवारी कम्पनी र कम्पनीका सञ्चालकहरुको रहने गरी सो सञ्चालक दर्ता किताब अभिलेख गरी तथा संशोधित दफाको १/१ प्रति यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा मिति २०८०/०२/०७ को निर्णयानुसार जानकारी गराइन्छ।

तपसिल

| बिवरण | साविक | हाल कायम गरिएको |
|---|---|---|
| अधिकृत पुँजी रु | ७५,००,००,०००।- | १,००,००,००,०००।- |
| जारी पुँजी रु | ५४,१७,६८,५००।- | ७७,३९,५५,०००।– |
| चुक्ता पुँजी रु | ३८,६९,७७,५००।- | ७७,३९,५५,०००।– |

(अर्जुन खड्का)
सहायक रजिष्ट्रार

**बोधार्थ**
श्री विद्युत विकास विभाग, काठमाण्डौं
श्री विद्युत नियमन आयोग, काठमाण्डौं।
श्री उद्योग विभाग, काठमाण्डौं।
श्री आन्तरिक राजस्व कार्यालय,काठमाण्डौं।

फोन: ४२५९९४८ (रजिष्ट्रार), ४२६३०८९, ४२६७२५६, ४२१५०७७, ४२६१८२१, ४२५९९६१ (फ्याक्स)
E-mail: info@ocr.gov.np, URL/Website : www.ocr.gov.np

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
( ......*...................... शाखा)
त्रिपुरेश्वर काठमाडौं, नेपाल ।

पत्र संख्या :- ७८/७९
चलानी नम्बर :- ७२६८१

मिति : २०७८-११-०३

विषय :- पूँजी संरचना परिवर्तन सहित प्रबन्धपत्र/नियमावलीमा भएको संशोधन र अध्यावधिक सम्बन्धमा।

छयाङ्दी हाइड्रोपावर (लि. नं. १२४२७२)
का.म.न.पा.-२,काठमाण्डौ,बाग्मती

त्यस कम्पनीले यस कार्यालयलाई बुझाउनु पर्ने आ.व. ०७७/७८ सम्मका विवरणहरु उपलब्ध गराएकोले सो आ.व. सम्म कम्पनी अध्यावधिक रहेको, त्यस कम्पनीको मिति २०७८।०९।३० को निर्णय बमोजिम कम्पनीको पूँजी संरचनालाई परिवर्तन गर्न स्विकृती प्रदान गरिएको छ। साथै प्रबन्धपत्रको दफा ६(क), (ख) (ग) संशोधन, दफा ६(घ) र (ङ) खारेज, नियमावलीको नियम १४(१) देखि (७) सम्म थप र नियम ३१(१) संशोधन भएकोलाई अभिलेख गरी १/१ प्रति यसै साथ संलग्न गरी पठाइएको व्यहोरा मिति २०७८।११।०३ को निर्णयानुसार जानकारी गराइन्छ।

| विवरण | हाल कायम गरिएको |
|---|---|
| अधिकृत पूँजी रु | ७५,००,००,०००।- |
| जारी/चुक्ता पूँजी रु | ५४,१७,६८,५००।- |

(दिवाकर शर्मा)
सहायक रजिष्ट्रार

बोधार्थ
श्री विद्युत नियमन आयोग/विभाग
श्री उद्योग विभाग
श्री आन्तरिक राजश्व कार्यालय, काठमाडौं।

फोन: ४२५९९४८ (रजिष्ट्रार), ४२६३०८९, ४२६७२५६, ४२१५०७७, ४२६१८२१, ४२५९९६१ (फ्याक्स)
E-mail: info@ocr.gov.np, URL/Website : www.ocr.gov.np

# छ्याङदी हाइड्रोपावर लिमिटेडको
# नियमावलीमा संशोधन

## नियमावलीको नियम १४ मा उपनियम थप गर्ने ।

(१) कम्पनीको शेयर पूँजी थपघट गर्ने व्यवस्था प्रचलित धितोपत्र दर्ता तथा निष्काशन नियमावली र कम्पनी कानूनमा उल्लेखित प्रावधान अनुरुप हुनेछ ।

(२) कम्पनीले आफ्नो पूँजी बृद्धि गर्नुपरेमा शेयरको हकप्रद निष्काशन गर्न सक्नेछ ।

(३) कम्पनीले निष्काशन गरेको हकप्रद शेयर खरीद गर्न पाउने हक भएको कुनै शेयरधनीले आफ्नो सम्पूर्ण वा आंशिक हक प्रदान गरी कुनै एक व्यक्ति वा संस्थालाई शेयर खरीदको लागि मनोनयन गर्न सक्नेछ । तर हकप्रद शेयर खरीद गर्न पाउने आफ्नो हक अरुलाई हस्तान्तरण गर्ने शेयरधनीले अर्को शेयरधनीबाट शेयर खरीद गर्ने मनोनयन प्राप्त गर्न सक्ने छैन ।

(४) उपदफा (३) बमोजिम हकप्रद शेयर खरीदको लागि मनोनित भएको व्यक्ति वा संस्थाले प्रबन्धपत्र, नियमावली वा नियमन निकायले निर्धारण गरेको शेयर स्वामित्वको सीमा ननाघ्ने गरी शेयर खरीदको लागि आवेदन गर्न सक्नेछ ।

(५) हकप्रद शेयर बिक्रि खुला रहेको अवधि भित्र मात्र हकप्रद शेयर खरीद गर्न मनोनयन भएको प्रमाण सहित आवेदन गर्न सकिनेछ । कुनै एक निष्काशनको लागि प्राप्त गरेको मनोनयन अर्को निष्काशनको लागि मान्य हुने छैन ।

(६) मनोनयन प्राप्त गरी हकप्रद शेयर खरीदको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोवार ईकाई बमोजिम हुनेछ ।

(७) मनोनित व्यक्ति वा संस्था कालोसूचीमा समावेश नभएको तथा प्रचलित कानूनले अयोग्य नभएको हुनु पर्नेछ ।

## नियमावलीको नियम ३१ (१) मा संशोधन

(१) यस कम्पनीमा ७ (सात) जनाको संचालक समिति हुनेछ । जसमा संस्थापक/सर्वसाधारण शेयरधनीहरुको तर्फबाट मनोनित प्रकृया वा आपसि सम्झौता वा निर्वाचन प्रकृयाद्वारा ६ जना र संचालक समितिद्वारा नियुक्त १ जना स्वतन्त्र/व्यवसायीक संचालक ले संचालक समितिको प्रतिनिधित्व गर्नेछन् ।